Received Date: Oct. 2024 Revised: Nov. 2024 Accepted: Dec. 2024

# श्री ५ को वायूदेवता गुठीको ऐतिहासिक र सांस्कृतिक महत्व

**नवराज लम्साल**

एमफिल/पिएचडी अनुसन्धानकर्ता

इतिहास केन्द्रिय विभाग,

त्रिभुवन विश्वविद्यालय किर्तिपुर, काठमाडौ

Email: lamsalnawaraj9@gmail.com

Doi: https://doi.org/10.3126/hisan.v10i1.74907

## सार

*गुठी व्यवस्था विश्वमा नै नेपालको मौलिक पहिचान र सम्पदा हो । अन्य कानुन प्रणाली र सामाजिक प्रणालीमा रहेको ट्रष्ट भन्दा नेपालको गुठी प्रणाली भिन्न छ । नेपाल प्राचीनकालदेखि नै विभिन्न देवालय, शिवालय, मठ, मन्दिर, चैत्य, गुम्बा, पाटी, धर्मशाला, अनाथालय, पाकशाला जात्रा पर्व आदिले भरिपूर्ण देशको रूपमा चिनिँदै आएको छ । यस किसिमका धार्मिक, सांस्कृतिक, शैक्षिक, सामाजिक, परोपकारी र स्वास्थ्यसम्बन्धी धरोहरको स्थापना, निर्माण र सञ्चालन र व्यवस्थापनमा राज्य र निजी स्तरबाट समेत महत्वपूर्ण कार्यहरू हुँदै आएका छन् । देवालय, शिवालयलगायत धार्मिक प्रतिष्ठान खडा गर्ने, तिनको रेखदेख र सञ्चालन गर्ने, दीर्घकालसम्म सञ्चालन र व्यवस्थापनमा सघाउ पुऱ्याउने उद्देश्य राखी चल अचल सम्पत्तिको जोहो गरी गुठी खडा गर्ने प्रचलनको सुरुवात हुँदै आएको पाइन्छ । हामीकहाँ भिन्न भिन्न गुठि संरचना, पद्धति र विधान छन् । श्री ५ को वायुदेवता गुठी अन्य गुठी भन्दा फरक गुठी हो । पृथ्वीनारयण शाहको नेपाल एकिकरण अभियानको क्रममा संकल्प गरिएको र पछि वहादुर शाहको पालामा वि. सं. १८५२ को लालमोहर अनुसार गठन गरिएको नेपालको धार्मिक, सांस्कृतिक र सामाजिक संरचनामा गहिरो महत्व राख्ने ऐतिहासिक संस्था हो । यो गुठी स्थापित भई राजपरिवारको संरक्षणमा चल्दै आएको छ । गुठीका सदस्यहरू तालुकदार र गुठीयारहरू हुन्, जसले धार्मिक अनुष्ठानहरू सञ्चालन गर्नुका साथै गुठीको सम्पत्ति व्यवस्थापन गर्ने जिम्मेवारी लिएका छन् । बायुदेवता गुठीको मुख्य उद्देश्य बायुदेवताको पूजा र संरक्षण गर्न आवश्यक स्रोतहरूको व्यवस्थापन गर्नु हो । यस गुठीले धादिङ, गोरखा, काठमाडौं लगायतका स्थानहरूमा फैलिएको जग्गा-जमिनको व्यवस्थापन गर्दै धार्मिक कार्यहरूका लागि योगदान गरेको छ ।*

***शब्दकुञ्जी :*** वायुदेवता गुठी, गुठीयार, तालुकदार, नेपाल एकीकरण, लालमोहर

## परिचय

नेपालको सांस्कृतिक, धार्मिक र सामाजिक संरचनामा गुठीहरूको महत्वपूर्ण भूमिका छ । यस्तै एउटा ऐतिहासिक र सांस्कृतिक सम्पदा हो, श्री ५ को बायुदेवता गुठी । वायुदेवताको पूजा र यससँग सम्बन्धित धार्मिक परम्पराहरूको संरक्षण तथा निरन्तरता दिने गुठीले सामुदायिक जीवनलाई पनि एकत्रित गर्न महत्वपूर्ण योगदान पुऱ्याएको छ । पृथ्वीनारायण शाहलाई लागेको वायु निवारण भएपश्चात् वहाँको नेतृतवमा नेपाल एकीकरणको क्रममा नुवाकोटको श्री गणेश बिजयको शुभारम्भ धादिङ्गढी ज्यामरुङ् दरवारवाट संभव भएको मानिन्छ । पृथ्वीनाराण शाहबाट वायुदेवता गुठिको व्यवस्था तर्जुमा भएको हो । वायु देवता गुठी, जसको परिकल्पना शान्ति, उद्धार र मृतकहरूको आत्माको मोक्षको लागि गरिएको हो, नेपाली समाजको धार्मिक,

सांस्कृतिक र ऐतिहासिक दृष्टिकोणमा महत्वपूर्ण स्थान राख्छ। यो गुठी विशेषगरी काठमाडौं उपत्यका, गोरखा, धादिङ् र नुवाकोटमा विशेष रूपले प्रचलित छ, जहाँ वायुदेवताका लागि विशेष पूजा र अनुष्ठानहरू गरिन्छन् । वायुदेवतासँग सम्बन्धित धार्मिक विश्वास अनुसार, वायुदेवता पृथ्वी, वायु र वातावरणको सन्तुलन कायम गर्ने देवता हुन् ।

यस अध्ययनले नेपालको एकीकरणमा श्री ५ को वायु देवता गुठीको ऐतिहासिक विकासक्रम, धार्मिक महत्व र सांस्कृतिक पक्षहरूको विश्लेषण गर्दछ । विशेषगरी यस अनुसन्धानले पृथ्वीनारायण शाहको समयदेखि विकसित भएको यस गुठीको धार्मिक र सांस्कृतिक परम्पराको गहन अध्ययन प्रस्तुत गर्दछ । श्री ५ को बायुदेवता गुठी नेपालको सांस्कृतिक र धार्मिक इतिहाससँग गहिरो सम्बन्ध राख्ने एउटा महत्वपूर्ण गुठी हो। यस लेखको मुख्य उद्देश्य यस गुठीको स्थापना कालदेखि हालसम्मको विकास, यसको धार्मिक, सांस्कृतिक, र सामाजिक पक्षहरूको विश्लेषण गर्नु हो । साथै, गुठीको संरचना, व्यवस्थापन, र समुदायमा यसले पुऱ्याएको प्रभावलाई ऐतिहासिक र समकालीन दृष्टिकोणबाट अध्ययन गर्न सकिन्छ ।

नेपालको गुठी प्रणाली विश्वमै एक अनौठो र मौलिक संस्था हो । विश्वका अन्य देशहरूमा प्रचलित ट्रष्ट प्रणालीभन्दा फरक रहेको यो व्यवस्था नेपालको विशिष्ट पहिचान हो (निरौला, २०७५) । यसमध्ये श्री ५ को वायु देवता गुठी विशेष महत्व राख्दछ, जसको स्थापना पृथ्वीनारायण शाहको नेपाल एकीकरण अभियानको क्रममा भएको थियो र वि. सं. १८५२ मा बहादुर शाहको पालामा यसले औपचारिक मान्यता पाएको थियो । परराष्ट्र मन्त्रालयको ९९ संख्याको खाममा भएको लेखोट अनुसार श्री ५ पृथ्वीपति शाहका पालामा श्री रणदुल शाह वायु भई राजालाई पीरपिराउ गरी दुःखकष्ट दिँदा कुमाउँ प्रदेशबाट ठगुमाला नामको धामी झिकाई ती धामीले हेरबिचार गर्दा वायुदोष ठहराएर श्री रणदुल शाह र उनकी रानीका अंगमा वायु उतार्ने कार्य गरिएको थियो । त्यस्तैगरी श्री ५ नरभूपाल शाहको पालामा राजकुमारी पनि वायु भएकोले उनको पनि वायु उतार्ने कार्य गरिएको थियो । नरभूपाल शाहपछि श्री ५ पृथ्वीनारायण शाहको आँखामा कष्ट हुँदा बैद्यहरूले अनेकौं उपाय गर्दा पनि निको नभएपछि जोखाना हेर्ने सुरसिंह राना कपरदारले देवीदेवताको दोष हो भनी देखाए । धामीझाँक्रीले खोजतलास गर्दा नारायण धमलाले वायुको दोष देखाएका थिए ।

वायु देवता गुठीको स्थापना नेपाल एकीकरण अभियानसँग प्रत्यक्ष जोडिएको छ । त्यो समयमा पृथ्वीनारायण शाहलाई लागेको वायु निवारण भएपश्चात् उनको नेतृत्वमा नेपाल एकीकरणको क्रममा नुवाकोटको श्री गणेश विजयको शुभारम्भ धादिङको ज्यामरुङ् दरबारबाट संभव भएको मानिन्छ (राई, २०६५) । वि.सं.१८५२ को लालमोहरले वायु देवता गुठीलाई औपचारिक मान्यता प्रदान गऱ्यो (भट्टराई, २०७४) । यस लालमोहरले गुठीको संरचना, कार्यप्रणाली र व्यवस्थापनका विभिन्न पक्षहरूलाई व्यवस्थित गरेको थियो । यस अध्ययनको उद्देश्य बायुदेवता गुठीको प्रारम्भिक अवस्थादेखि हालसम्मको ऐतिहासिक विकासक्रमलाई पहिचान गर्दै यसले कसरी धार्मिक र सामाजिक जीवनमा योगदान पुऱ्यायो भन्ने कुरा बुझ्नु, गुठीको धार्मिक अनुष्ठान र आर्थिक व्यवस्थापनका माध्यमबाट स्थानीय समुदायमा यसले कस्तो भूमिका खेलेको छ भन्ने विश्लेषण गर्नु, गुठी व्यवस्थापनका क्रममा देखिएका चुनौतिहरू, विवादहरू, र भविष्यमा यसको संरक्षणका लागि आवश्यक सुधारका उपायहरूको अध्ययन गर्नु रहेको छ ।

## अध्ययन विधि

यो अध्ययन प्राथमिक र द्वितीयक स्रोत सामग्रीहरूमा आधारित रहेको छ । सामग्री सङ्कलनका क्रमामा गुठी भएका स्थानको स्थलगत अध्ययन गरी यसको भौतिक अवस्था, धार्मिक अनुष्ठानहरूको अवलोकन र गुठीयारहरूको सहभागिता मूल्याङ्कन गरिएको थियो । बायुदेवता गुठीको मुख्य पूजा स्थल र यससँग सम्बन्धित धार्मिक क्रियाकलापहरूको प्रत्यक्ष अवलोकन गरी अध्ययन सामग्री तयार गरिएको थियो । त्यसैगरी तथ्याङ्क संकलनका क्रममा तालुकदार समिति, गुठीयार र गुठीमा बसोबास गर्ने व्यक्तिहरूसँग प्रत्यक्ष अन्तर्वार्ता गरी उनीहरूका अनुभव, बुझाई, र सुझावहरू सङ्कलन गरिएका थिए । विषय विज्ञहरूसँग परामर्श गरी गुठीको सांस्कृतिक महत्व, ऐतिहासिक योगदान र भविष्यमा यसको संरक्षणका लागि आवश्यक कदमहरूबारे जानकारी लिइएको थियो । यस अध्ययनका लागि सहायक स्रोत सङ्कलन गर्दा गुठीसम्बन्धी विभिन्न पुस्तकहरू, अनुसन्धानात्मक लेखहरू, ऐतिहासिक दस्तावेजहरू र अन्य सान्दर्भिक लेखहरू अध्ययन गरिएको थियो । यस गुठी संस्थानका वार्षिक रिपोर्टहरू, स्थानीय प्रशासनका तथ्यांक र सरकारी नीतिहरू अध्ययन गरी गुठीको आर्थिक, सामाजिक र धार्मिक पक्षहरूको विश्लेषण गरिएको छ । गुठीसम्बन्धी पुराना अभिलेखहरू, ऐतिहासिक सन्दर्भहरू र सरकारी दस्तावेजहरूको विश्लेषण गरिएको छ, जसले गुठीको ऐतिहासिक विकासक्रमलाई बुझ्न सहयोग पुगेको छ ।

प्रस्तुत अध्ययन विशेष रूपमा विवरणात्मक, ऐतिहासिक र विश्लेषणात्मक पद्धतिमा आधारित रहेको छ । यस अध्ययनमा विभिन्न स्रोतहरूबाट सङ्कलित जानकारीको गहिरो अध्ययन र विश्लेषण गरिएको छ, जसले गुठीको सम्पूर्ण पक्षहरूको स्पष्ट चित्रण गर्न सहयोग पुगेको छ । यस विधिका आधारमा बायुदेवता गुठीका विभिन्न पक्षहरूको विस्तृत विवरण प्रस्तुत गरिएको छ । गुठीको स्थापना, यसको धार्मिक क्रियाकलाप, आर्थिक व्यवस्थापन र सामाजिक भूमिकालाई एकपछि अर्को चरणमा विवरणात्मक रुपले प्रस्तुत गरिएको छ । यो लेख ऐतिहासिक दृष्टिकोणमा आधारित छ । गुठीको ऐतिहासिक पृष्ठभूमि, यसको स्थापना, र विभिन्न समयमा भएका परिवर्तनहरूको अध्ययन गरी त्यसको ऐतिहासिक महत्त्वलाई उजागर गरिएको छ । ऐतिहासिक स्रोतहरूबाट प्राप्त तथ्यांकहरूको आधारमा गुठीको विकासक्रमलाई चित्रित गरिएको छ ।

अध्ययनमा गुठीका विभिन्न पक्षहरूको विश्लेषण गरी त्यसका परिणामहरू प्रस्तुत गरिएको छ । गुठीको धार्मिक र सामाजिक भूमिका, व्यवस्थापनमा आएका समस्या र भविष्यमा गर्न सकिने आवश्यक सुधारहरूबारे विशेष अध्ययन गरिएको छ । प्राप्त तथ्यांकहरूको गहिरो विश्लेषण गरी गुठी व्यवस्थापनका सुधारात्मक उपायहरू र दीर्घकालीन संरक्षण रणनीतिहरूको सुझाव दिइएको छ । प्राथमिक र द्वितीयक स्रोत सामग्रीहरूको उपयोगले प्रस्तुत अध्ययनलाई विश्वसनीयता प्रदान गरेको छ भने विवरणात्मक, ऐतिहासिक र विश्लेषणात्मक विधिहरूको प्रयोगले गुठीका विविध आयामहरूको स्पष्ट विश्लेषण गर्न सहयोग पुऱ्याएको छ ।

## विश्लेषण र उपलब्धी

### वायुदेवता गुठीको ऐतिहासिक महत्व, अवधारणा र विशेषताहरू

वायु देवता गुठी एक प्रकारको धार्मिक संस्था हो जसले मृतकहरूको आत्माको उद्धारको लागि पूजा, अनुष्ठान, र धार्मिक क्रियाकलापहरू गर्छ । वायु देवता भन्नाले त्यस्ता आत्माहरूलाई जनाउँछ जुन मृत्युपश्चात शान्तिको खोजीमा हुन्छन् । यो गुठीले त्यस्ता आत्माहरूको उद्धार गर्ने कार्य गर्दछ ।

यो गुठीको अवधारणाअनुसार, प्राकृतिक मृत्यु नभइ विभिन्न कारणहरूले मृत्यु भएका व्यक्तिहरू–जस्तै आत्महत्या, दुर्घटना वा युद्दमा मरेका व्यक्तिहरूको आत्मा शान्त नभएको मानिन्छ । त्यस्ता आत्माहरूलाई शान्त बनाउन बायु देवताको पूजा गरिन्छ । सैद्धान्तिक रूपमा, वायु देवता गुठीको उद्देश्य आत्माको शान्ति र उद्धार हो । यसमा सामुदायिक सहकार्य, धार्मिक आस्था, र अनुष्ठानको विशेष महत्व रहेको छ। गुठीमा सामेल

सदस्यहरूले पूजा, भोग, बली आदि चढाउने परम्परा रहेको छ । यस गुठीका प्रमुख विशेषता सामूहिक कार्य, धार्मिक विश्वास, र समाजको एकता कायम गर्नु हो ।

वायु देवता गुठीको महत्व धार्मिक, सांस्कृतिक र सामाजिक रूपमा महत्वपूर्ण छ । यसले समाजमा सद्भाव, एकता, र परम्पराको संरक्षणमा योगदान पुर्‍याउँछ । यो परम्परा नेपाली समाजमा धार्मिक सहिष्णुताको प्रतीक मानिन्छ । वायुदेवता गुठीमा आफ्नो थातथलो बनाएर बसेका धादिङ ज्यामरुंगको श्रीशंखादेवी माविका पूर्व प्रधानाध्यापक भूमिनन्द धमलाले (मिति २०८१ साल पौष ४ गते लिएको अन्तरवार्ता) वायु देवता गुठीको मुख्य मुकाम ज्यामरुंग भएको र तत्कालीन राजपरिवारका सदस्यहरू बारम्बार ज्याम्रुङमा सवारी भएको दशैंमा भव्य रुपमा बायुको पूजा हुँदै आएको र मूल दियो निभ्दा दरबारमा अनिष्ट हुने कुरा आफूले सुनेको बताउनुहुन्छ ।

वायुदेवता गुठी संघर्ष समितिका अध्यक्ष स्थानीय ईश्वरी बहादुर लम्सालका अनुसार (मिति २०८१ कार्तिक २८ गते लिएको अन्तर्वार्ता) यो वायुदेवता गुठी वि.सं.१८५२ सालदेखि नै अस्तित्वमा आएको र बि.सं.१८०२ मा पृथ्वीनारायण शाहलाई आँखामा फुलो परेको र धामी नारायण धमलाले धामी बस्दा नेपाल एकीकरणको सन्दर्भमा थुप्रै सेनाहरू अकालमा मरेको र मृतकको आत्मा बायु भएर बसेको र त्यो दोषचाहिँ नेतृत्वकर्ताको कारण पृथ्वीनारायण शाहलाई लागेकोले गुठी स्थापनाा गरेपछि ठीक हुने बिन्ति बिसाएको कारणले यो गुठी संकल्प गरेको र गुठी स्थापना गरेपछि आँखाको फूलो निको भएको थियो । यसरी हेर्दा, बि.सं.१८५२ मा यो गुठी स्थापना भएको इतिहासबाट ज्ञात हुन्छ । वायुदेवता गुठीका मूल पूजारी पण्डित दिनेशचन्द्र ढकाल भन्छन् यो बायुदेवता गुठी अति नै शक्तिशाली भएको र यसको आफ्नै निशाना छाप र हतियार भण्डारण गृह समेत थियो (मिति २०८१।०८।२३ गते लिएको अन्तर्वार्ता) ।

बायुदेवता गुठी नेपालको ऐतिहासिक, सांस्कृतिक, र धार्मिक परम्परासँग गहिरो सम्बन्ध राख्ने गुठी हो । यो गुठीले विशेष रूपमा दशैको पूजा, बायुदेवताका पूजा, र स्थानीय परम्परागत गतिविधिहरूको लागि थुप्रै जग्गा-जमिनको व्यवस्था गरेको छ । बायुदेवता गुठीको मर्म बायुदेवता अर्थात् प्रकृतिका विभिन्न रूपहरूलाई सम्झेर पूजा गर्नु र ती तत्वहरूको संरक्षण गर्नुमा निहित छ । वायु देवता गुठीको मूल अवधारणा मृतकहरूको आत्माको उद्धार र शान्तिसँग जोडिएको छ। विशेषगरी प्राकृतिक मृत्यु नभई विभिन्न कारणले मृत्यु भएका व्यक्तिहरूको आत्मा, आत्महत्या, दुर्घटना वा युद्धमा मरेका व्यक्तिहरूको आत्मा र अकाल मृत्यु भएका व्यक्तिहरूको आत्माको शान्तिका लागि गरिने अनुष्ठानमा मुख्य भूमिका खेल्नु यो गुठीको कार्य थियो (ओली, २०६५) ।

वायु देवता गुठीका प्रमुख धार्मिक मान्यताहरू निम्न छन्: आत्माको शान्ति र उद्धार, प्राकृतिक शक्तिको आराधना र सामुदायिक एकता र धार्मिक सद्भाव कायम राख्नु । वायुदेवता गुठीको वर्तमान तालुकदार तथा गुठियार क्याप्टेन जर्नेल शतिसबिक्रम शाहका अनुसार (मिति २०८१।०८।०३ गते लिएको अन्तर्वार्ता), यो गुठी श्री ५ महाराजधिराजको नीजि गुठी भएको र यसले नेपाल एकीकरण अभियानमा महत्वपूर्ण भूमिका खेलेको थियो । यही गुठीको कारणले गर्दा नै नेपाल एकीकरण सम्भव भएको हो (थापा, २०७०) ।

## वायुदेवता गुठीको मुकाम

वायु देवता गुठीको मुकाम धादिङको ज्यामरुङ दरबार, जुन समुद्र सतहबाट करिब १,५०० मिटर उचाइमा अवस्थित छ, वायु देवता गुठीको मुख्य केन्द्र हो । यहाँ पाँच प्रमुख स्थानहरू रहेका छन् :

(क) कुमाई ज्यामरुङ (ख) भारमाले ज्यामरुङ (ग) धमला ज्यामरुङ (घ) सिम्ले ज्यामरुङ (ङ) ज्यामरुङ दरबार

## धार्मिक अनुष्ठान र पर्वहरू

### दशैघर विशेष पूजा

धादिङको ज्यामरूङ दरबार र काठमाडौंको हनुमानढोका दरबारमा दशैं पर्वको विशेषता अनन्तकालदेखि धार्मिक र सांस्कृतिक महत्व बोकेको छ । यसलाई दशैघर वा जमराघर पनि भनिन्छ, जहाँ वायुदेवताको विशेष पूजाआजा गरी नौ देवीहरू को आराधना गरिन्छ । यो परम्परा, गुठी प्रणालीको एक महत्वपूर्ण अंशका रूपमा रहँदै आएको छ । यहाँ वायुदेवता गुठी ले सञ्चालन गर्ने दशैघरमा नौ देवीहरूको पूजा र युद्धको सम्झनामा गरिने अनुष्ठानहरूको बारेमा चर्चा गरिएको छ । दशैघर विशेष पूजास्थल हो, जहाँ घटस्थापना वा जमरा राख्ने औसीको अघिल्लो दिनदेखि नै पूजारीहरू तयारीमा  जुट्छन् । पूजाको मुख्य संरचना तीन व्यक्तिहरू– मुख्य पुजारी ब्राह्मण, जुठो सुत्के पुजारी ब्राह्मण र काटमार गर्ने मगर पूजारीको मुख्य काम भनेको काटमार गर्नु हो । मगर पुजारीले पनि पुरै समय अन्य पंडितहरू जसैगरी बस्नु पर्छ मगर पुजारीको उपस्थितिमा सञ्चालन हुन्छ । तीनै जनाले कपाल खौरिएर एकछाक मात्रै खाने र भक्ति गर्ने परम्परा पालना गर्छन् । यसले उनीहरूको शुद्धिकरणलाई संकेत गर्छ, जो धार्मिक अनुष्ठानको लागि अत्यावश्यक मानिन्छ ।

घटस्थापनाको दिन विशेष रूपमा पूजास्थललाई शुद्ध बनाएर चण्डी पाठ, रुद्री पाठ, विष्णु सहस्त्रनाम पाठ र वेद पाठ गरिन्छ । पाँच पण्डितहरू जमरा कोठा बाहिर बसेर यस्ता धार्मिक पाठ गर्छन् । यस प्रक्रियाले पूजास्थलको पवित्रता र देवीहरूको आव्हानलाई सशक्त बनाउँछ । जमरा कोठामा विशेष पूजा सामग्रीहरू तयार पारिन्छ। त्यहाँ केराका थम्मा, बेलपत्र, र चन्दुवा राखेर पूजा स्थल बनाइन्छ । साथै, माटो, जौं, गहुँ र धान प्रयोग गरेर घटहरू तयार गरिन्छन यो प्रक्रियाले देवीहरूलाई आव्हान गर्ने अनुष्ठानको सुरूवातको संकेत गर्छ । दशैघरको पूजा वायु देवता गुठीको सबैभन्दा महत्वपूर्ण धार्मिक अनुष्ठान हो । ढुंगेल (२०७९) का अनुसार यसमा निम्न विशेषताहरू रहेका छन् :

### बलि पूजा र युद्धको सम्झना

दशैघरमा बलि पूजाको विशेष महत्व छ । बलि चढाउनु शक्ति, साहस, र युद्धमा विजयी हुने संकेतका रूपमा गरिन्छ। यो परम्पराले युद्धकालमा मरेका सैनिकहरू र अगतिमा परेका वायुदेवताहरूलाई सम्मान प्रकट गर्दछ। बोलिबोकाहरू (बोका र कुभिन्डो) लाई बलि दिने परम्पराले देवीहरूलाई तृप्त गर्ने विश्वास छ । यसमा युद्धको सम्झना र बलिदानको मर्मलाई जीवन्त राख्न सघाउँछ । बलि चढाइने समय नगरा बजाउने, जमरा राख्ने र बत्ती बाल्ने कार्य एकसाथ सम्पन्न हुन्छ। यस प्रक्रियामा मुख्य पुजारी बलिवेदीमा बालुवा र माटोमा पानी छर्कन्छन यसै समयमा, मुख्य पुजारीले मगरलाई बलिदानका लागि संकेत गर्छन्, जसले वायुदेवताको शक्तिलाई पूजास्थलमा निम्त्याउँछ ।

### दशैंघरको अनुष्ठान

पूजा र अनुष्ठानहरू लगातार सात दिनसम्म चल्दछन् । हरेक दिन मुख्य पुजारी, जुठोसुतके पुजारी र मगर रातो धोती र भोटोमा पूजा गर्छन बत्ती बलाउने, जमरा हेर्ने र देवीहरूलाई अर्पित गर्ने वस्तुहरू तयार पारिन्छ । सप्तमीको दिनसम्म यी अनुष्ठानहरूलाई कडाईपूर्वक पालन गरिन्छ ।

## पञ्चबली र कालरात्री

सातौं दिनमा विशेष पूजा गरी श्री शंखादेवी र श्री ब्रमायणी देवीका मन्दिरमा पञ्चबली चढाइन्छ । अष्टमीको रात कालरात्री (रातको समयमा देवीहरूको विशेष पूजा) गरिन्छ । यो समयमा सबै कोटहरूमा बलिपूजा गरी नवमीसम्म देवीहरूको आराधना गरिन्छ ।

## विजया दशमी र समापन पूजा

विजया दशमीको दिनमा, वायुदेवताको आराधनाको अन्त्यमा मुख्य पुजारीले तालुकदारलाई टीका लगाउने परम्परा रहन्छ । यससँगै, गुठीका सबै सदस्यहरूलाई टीका लगाइन्छ र मुख्य दियोको पूजा समापन गरिन्छ। मुख्य दियो निभ्न नदिन रातभर बत्ती हेर्ने कार्य गरिन्छ। जनविश्वासअनुसार मुख्य दियो निभे दशैंघर अधुरो हुने र अनिष्ट हुने विश्वास रहन्छ । यसरी बायुदेवता गुठीको दशैंघर पूजा धार्मिक, सांस्कृतिक, र ऐतिहासिक दृष्टिले गहिरो महत्व बोकेको छ । वायुदेवता र अन्य नौ देवीहरूको पूजा र आराधना गर्दै, युद्धको सम्झना र प्रकृतिको सम्मान गर्ने यो परम्परा अद्वितीय छ। यो पूजाले सम्पूर्ण समाजमा एकता, शक्ति, र धार्मिक निष्ठाको महत्वलाई सुदृढ पार्छ । बायुदेवता गुठीले सञ्चालन गर्ने विभिन्न सांस्कृतिक पर्वहरू विशेष रूपमा धादिङ र आसपासका क्षेत्रमा महत्वपूर्ण धार्मिक, सांस्कृतिक, र सामाजिक परम्पराका रूपमा मानिन्छन यी पर्वहरूले समाजमा एकता, धार्मिक निष्ठा, र सामुदायिक भावना सुदृढ गर्ने कार्य गर्छन वायुदेवता गुठीमा आयोजित मुख्य पर्वहरूमा दशैघर, माघे सक्रान्ती, धान्ने पूर्णिमा, साउने सक्रान्ती, कृष्ण जन्माष्टमी, र चैते दशै पर्दछन यी पर्वहरूको महत्व र तिनको गुठीसँग सम्बन्धित भूमिकाबारे विस्तृत जानकारी तल प्रस्तुत गरिएको छ :

दशैघर विशेष रूपमा वायुदेवता गुठीको एक प्रमुख सांस्कृतिक पर्व हो। दशैंको समय, वायुदेवतासँग सम्बन्धित विशेष पूजा र अनुष्ठानहरू गरिन्छ। दशैघरको धार्मिक गतिविधिले परिवारमा समृद्धि र शुभ फल प्राप्त हुने विश्वास गरिन्छ। दशैको पहिलो दिन जमरा राखेर दस दिनसम्म वायुदेवताको आशीर्वाद प्राप्त गर्ने उद्देश्यले विशेष पूजा गरिन्छ। यस पर्वले समुदायमा एकता र सुसंस्कृति सुदृढ गर्ने कार्य गर्छ ।

## पूजारी व्यवस्था

तीन प्रमुख पूजारीहरूको संलग्नता:

(क) मुख्य पुजारी ब्राह्मण

(ख) जुठोसुतके पुजारी ब्राह्मण

(ग) काटमार गर्ने पुजारी मगर

## पूजा विधि

(क) कपाल खौरने र एकछाक खाने नियम

(ख) चण्डी पाठ, रुद्री पाठ, विष्णु सहस्त्रनाम पाठ

(ग) वेदपाठ र अन्य धार्मिक पाठहरू

## नौ देवीको आराधना

दशैघरमा नौ देवीहरूको विशेष पूजा अनिवार्य रूपमा गरिन्छ । प्रत्येक देवीको विशिष्ट महत्व र प्रतीकात्मक अर्थ छ :

(क) चण्डी : युद्ध र शक्तिकी देवी, साहस र वीरताकी प्रतीक

(ख) कालरात्री : नकारात्मक शक्तिहरूको नाश गर्ने र अन्धकारमाथि विजय प्राप्त गर्ने प्रतीक

(ग). ब्रह्मायणी : सृष्टिकर्ता शक्ति, जीवन र सृजनाकी प्रतीक

(घ) विन्ध्यवासिनी : पहाडहरूकी देव, प्राकृतिक शक्तिकी प्रतीक

(ङ) शंखादेवी : संकटबाट रक्षा गर्ने, सुरक्षा र संरक्षणकी प्रतीक

(च). धूमावती : अन्धकार र नकारात्मकताको समाप्ति, शुद्धीकरणकी प्रतीक

(छ) भद्रकाली : क्रोध र न्यायकी देवी, धर्म र न्यायकी प्रतीक

(ज) महाकाली : विनाश र पुनःस्थापना, परिवर्तन र नवीकरणकी प्रतीक

(झ) अन्नपूर्णा : अन्नकी देव, समृद्धि र पोषणको प्रतीक

**वार्षिक पर्वहरू**

(क) माघे सक्रान्ती : सूर्यको संक्रमण पर्व, विशेष प्रसाद र सामूहिक भोज, तिल, चाकु, घ्यू, र तरुल जस्ता विशेष परिकारहरू

(ख) धान्ने पूर्णिमा : कृषि उत्पादनसँग सम्बन्धित, बाली संरक्षण र समृद्धिको कामना, धानको पहिलो अंश चढाउने परम्परा

(ग) साउने सक्रान्ती : वर्षाको देवताको रूपमा पूजा, विशेष अनुष्ठान र सामूहिक कार्यक्रम, कृषिउत्पादनमा सफलताको कामना

(घ) कृष्ण जन्माष्टमी **:** भगवान कृष्ण र वायुदेवताको संयुक्त आराधना, विशेष धार्मिक समारोह, आध्यात्मिक एकताको प्रतीक

**भौगोलिक विस्तार र क्षेत्र**

वायु देवता गुठीको जग्गा निम्न स्थानहरूमा रहेको छ :

(क) नेपालखेत : गुठीको प्रमुख जग्गा, पूजाका लागि आवश्यक सामग्री उत्पादन, ऐतिहासिक र धार्मिक महत्व

(ख) जगरज्यामरूङ, धादिङ **:** ५८० मुरी माटो, स्थानीय जनताको विशेष सहभागिता, पूजा सामग्री उत्पादन

(ग) गोरखा थुमी **:** ८० मुरी माटो, धार्मिक कार्यका लागि समर्पित, स्थानीय समुदायको योगदान

**वायुदेवता गुठीको रणनीतिक महत्व**

**भूगोल र सुरक्षा :** ज्यामरूङको दुर्गम स्थानले सैन्य दृष्टिकोणबाट बलियो सुरक्षा प्रदान गर्थ्यो । दुर्गम स्थानहरूमा मुख्य मुकाम राख्नाले बाह्य आक्रमणहरूबाट सुरक्षित रहन मद्दत गर्थ्यो । यसै कारणले, पृथ्वीनारायण शाहको पालामा यस स्थानलाई हतियार भण्डारण स्थलका रूपमा पनि प्रयोग गरिएको हुन सक्छ ।

**सैन्य महत्व :** ज्यामरूङको भौगोलिक स्थिति नेपाल एकीकरणका लागि महत्वपूर्ण थियो । त्यहाँ हतियार भण्डारणको व्यवस्था हुनुले देखाउँछ कि यो स्थान युद्ध रणनीति र सुरक्षा प्रबन्धका लागि महत्वपूर्ण मानिन्थ्यो । ज्यामरूङ दुर्गम भए पनि सेन्य आपूर्तिका लागि यो एक सुरक्षित आधारभूमि हुनसक्थ्यो, जहाँबाट हतियार, सैनिक सहायता, र अन्य स्रोतहरू संकलन गरिन्थे ।

**राजनीतिक केन्द्रको परिधिबाट बाहिर राख्ने रणनीति :** काठमाडौँको केन्द्रमा रहेका जग्गाहरू र संरचनाहरू सार्वजनिक र शाही प्रशासनको अन्तर्गत रहे पनि बायुदेवता गुठीलाई काठमाडौँको शक्तिकेन्द्रभन्दा टाढा राखेर स्वतन्त्र अस्तित्वको प्रतीक बनाउने उद्देश्य पनि हुनसक्छ । ज्यामरूङको दुर्गम स्थानले गुठीलाई बाह्य

हस्तक्षेपबाट सुरक्षित राख्न मद्दत पुर्याएको हुन सक्छ । ज्यामरूङको प्राकृतिक स्थानले वायुदेवताको शक्ति र देवत्वलाई उचित सम्मान दिन्छ भन्ने सैद्धान्तिक आधारले यो स्थान मुकाम बनाइएको हुनसक्छ ।

**सत्ता र शक्ति केन्द्रबाट टाढा राख्नुपर्ने आवश्यकता :** गुठी संस्थाहरूले सामान्यतया धार्मिक, सामाजिक र सांस्कृतिक स्वतन्त्रता सुनिश्चित गर्न चाहन्थे। जसका कारण शाही सत्ता वा राजनीतिक केन्द्रबाट टाढा, दुर्गम ठाउँमा गुठीको मुकाम राख्नुपर्छ भन्ने सोच रहेको हुनसक्छ । यसले गुठीका गतिविधिहरूलाई स्वतन्त्र र निर्वाध रूपमा सञ्चालन गर्न मद्दत पुर्याउँथ्यो । ज्यामरूङलाई वायुदेवता गुठीको मुकामका रूपमा चयन गर्नुका पछाडि धार्मिक, सांस्कृतिक, र रणनीतिक कारणहरू छन् । दुर्गम स्थानमा हतियार भण्डारण गरेर सुरक्षा व्यवस्था गर्ने, धार्मिक अनुष्ठानहरूलाई स्वतन्त्र रूपमा सञ्चालन गर्ने, र प्राकृतिक वातावरणमा वायुदेवताको शक्ति प्रकट हुने विश्वासका आधारमा ज्यामरूङ मुकाम बनाइएको थियो । पृथ्वीनारायण शाहले सन् १७४४ वा वि.सं.१८०१ मा नुवाकोट विजय गरेपछि वायुदेवता गुठीको निर्माणको संकल्प गरे पनि वि.सं.१८५२ सालसम्म यो गुठी औपचारिक रूपमा स्थापित नभएको ऐतिहासिक प्रमाण छ । यो लामो समयसम्म वायुदेवता गुठीको निर्माण नहुनुको केही सम्भावित कारणहरू इतिहासको सन्दर्भमा विश्लेषण गर्न सकिन्छः :

**(क) राजनीतिक अस्थिरता :** पृथ्वीनारायण शाहको नुवाकोट विजयपछि देशको एकीकरण अभियानले निरन्तरता पाए पनि विभिन्न लडाइँ, कूटनीतिक चुनौती, र आन्तरिक बिद्रोहले गर्दा वायुदेवता गुठीको स्थापनामा ढिलाइ भएको हुनसक्छ । नेपाल एकीकरणको प्रक्रिया लामो र चुनौतीपूर्ण थियो, जसका कारण धार्मिक गुठीको स्थापना पछि सरेको देखिन्छ ।

**(ख) धार्मिक अनुष्ठानको जटिलता :** वायुदेवता गुठीको स्थापना, जसमा धेरै धार्मिक, सामाजिक र सांस्कृतिक परम्पराहरू समावेश थिए, यस्ता गुठीहरू निर्माणका लागि विस्तृत धार्मिक अनुष्ठान र सांस्कृतिक तयारी आवश्यक पर्थ्यो। यसको कारणले गुठी स्थापनामा लामो समय लागेको हुन सक्छ ।

**(ग) रणबहादुर शाहको कार्यकालमा गुठी स्थापना :** श्री ५ रणबहादुर शाहको कार्यकाल (वि.सं. १८५५-१८६२) मा धार्मिक, सांस्कृतिक र पुरातात्त्विक रूपमा विभिन्न गुठी र सम्पदाहरूको पुनरुत्थान गरिएको पाइन्छ । यही समयमा वायुदेवता गुठीको स्थापना गरिएको ऐतिहासिक प्रमाण भेटिन्छ ।

## वायुदेवता र गोरखनाथबीचको सम्बन्ध

पृथ्वीनारायण शाहले आफ्नो शासनकालमा गोरखनाथलाई आफ्नो कुलदेवता मानेका थिए र गोरखाका गोरखनाथ मन्दिरमा विशेष पूजा गर्ने गर्थे । गोरखनाथको आशीर्वादको महत्व पृथ्वीनारायण शाहका लागि अत्यन्तै ठूलो थियो । साथै, धादिङको ज्यामरूङस्थित वायुदेवतालाई पनि समान रूपमा सम्मान गरिन्थ्यो । वायुदेवतालाई प्राकृतिक शक्तिको देवता मानिँदै आएको परम्परा छ, जसले युद्ध र वातावरणलाई शान्त राख्ने विश्वास थियो । यसैले, गोरखनाथ र वायुदेवता दुवैको आशीर्वादले नेपाल एकीकरण सफल भएको भन्ने धार्मिक मान्यता पनि जनमानसमा देखिन्छ । यद्यपि, यो विशिष्ट सन्दर्भमा ऐतिहासिक दस्तावेजमा उल्लेख नभए पनि जनविश्वासमा यसको महत्व रहेको पाइन्छ ।

## नेपाल विस्तार अभियानमा वायुदेवता गुठीको महत्व

वायुदेवता गुठीले नेपाल एकीकरण र विस्तारमा धार्मिक, सांस्कृतिक र आध्यात्मिक बल प्रदान गरेको पाइन्छ । वायुदेवतालाई प्राकृतिक र युद्धसँग सम्बन्धित देवताका रूपमा मान्ने परम्परा थियो । पृथ्वीनारायण शाहदेखि

बहादुर शाहसम्मका शासकहरूले यो गुठीलाई राज्यको एकीकरणमा धार्मिक अनुष्ठानमार्फत जनसमर्थन जुटाउन र सामाजिक स्थिरता कायम गर्न उपयोग गरे । यो गुठीमार्फत गरिएका पूजा र अनुष्ठानहरूले राजनीतिक विजयलाई धार्मिक समर्थनका रूपमा प्रस्तुत गरे, जसले समाजमा धार्मिक स्थिरता ल्याउन मद्दत गऱ्यो ।

नेपालको एकीकरण अभियानसँग जोडिएको वायुदेवता गुठीको इतिहास एउटा महत्वपूर्ण र आकर्षक विषय हो । पृथ्वीनारायण शाहको एकीकरण अभियानमा वायुदेवताको धार्मिक र सांस्कृतिक महत्वलाई जोड्दै, ऐतिहासिक रूपमा युद्धमा पराजयको कारणलाई अध्यात्मिक र धार्मिक दृष्टिकोणले हेर्नु सामान्य थियो । वायुदेवतालाई मारिएपछि आत्मा भड्किएको र उनीहरूको आत्मालाई शान्त पार्न गुठीको स्थापना गर्नु पर्ने विचार पनि यस्तै धार्मिक परम्परामा आधारित थियो ।

## वायुदेवता गुठी र नुवाकोट विजयको सम्बन्ध

पृथ्वीनारायण शाहको नेतृत्वमा नुवाकोट विजय महत्वपूर्ण कदम थियो । नुवाकोटको लागि धेरै प्रयास गर्दा असफल भएपछि, धार्मिक र आध्यात्मिक आधारमा पराजयको कारण खोजिएको थियो । धामी-झाँक्रीहरूले युद्धमा मृत्यु भएका सिपाहीहरूको आत्मा अझै शान्त नभएको र तिनले वायुको रूपमा श्राप दिएको निष्कर्ष निकालेपछि, वायुदेवताको पूजा र गुठी स्थापनाको जरुरत देखियो। वायुदेवता गुठीमार्फत उनीहरूको आत्मालाई शान्त पार्न र भविष्यमाथि विजय पाउन सकिने विश्वास गरिएको थियो । यो भाकलपछि नुवाकोटको विजय भएको विश्वास गरिन्छ, जसले सम्पूर्ण नेपाल एकीकरणको अभियानलाई सफलता दिलायो ।

## वि.सं.१८५२ सालको लालमोहर र वायुदेवता गुठी

नेपालको एकीकरण अभियान सफल भएपछि, वायुदेवतालाई सम्मान स्वरूप वि.सं.१८५२ सालको लालमोहरबाट वायुदेवता गुठीको स्थापना गरिएको ऐतिहासिक विवरणहरूमा उल्लेख गरिएको छ । वायुदेवताको गुठीको स्थापना पृथ्वीनारायण शाहको शासनकालमा गरिएको भए पनि, यसको औपचारिक रूपमा मान्यता र विस्तार भने बहादुर शाहको शासनकालमा भयो। बहादुर शाहले नेपाल विस्तार अभियानलाई धार्मिक आस्थाको माध्यमबाट थप बल दिन चाहेका थिए, जसले गर्दा वायुदेवता गुठीलाई थप महत्व दिएर, छुट्टै निसानाछाप (राजकीय छाप) पनि जारी गरियो ।

## ऐतिहासिक प्रमाणहरू

वायुदेवता गुठीको स्थापना, पृथ्वीनारायण शाहको भाकल र वि.सं.१८५२ सालको लालमोहरको बारेमा विभिन्न ऐतिहासिक स्रोतहरूले प्रमाण दिन्छन् । पृथ्वीनारायण शाह र बहादुर शाहका पालामा वायुदेवता गुठीको महत्वबारे अध्ययन गर्ने केही प्रमुख स्रोतहरूमा:

(क) दिवाकर पन्तद्वारा लेखिएको 'नेपालको एकीकरण र पृथ्वीनारायण शाह' पुस्तकमा यसबारे सन्दर्भ गरिएको छ ।

(ख) दुर्गा सुवेदीको 'नेपालको एकीकरण अभियानमा धार्मिक मान्यता र गुठीको भूमिका' अनुसन्धानले पनि वायुदेवता गुठीको ऐतिहासिक र धार्मिक महत्वबारे चर्चा गरेको छ ।

(ग) यज्ञराज पाण्डेको 'नेपालको राजनीतिक र धार्मिक इतिहास' पुस्तकमा वायुदेवता गुठीको चर्चा भएको पाइन्छ ।

यी स्रोतहरूले वायुदेवता गुठीको महत्व, स्थापना, र यसको धार्मिक भूमिका पुष्टि गर्ने आधार प्रस्तुत गर्छन् ।

## निष्कर्ष

वायु देवता गुठी नेपालको धार्मिक र सांस्कृतिक परम्पराको एक महत्वपूर्ण अंश हो । यसको ऐतिहासिक महत्व, धार्मिक मान्यताहरू र सांस्कृतिक पक्षहरूले नेपाली समाजको धार्मिक र सामाजिक जीवनमा गहिरो प्रभाव पारेका छन् । वायुदेवता गुठीको स्थापना पृथ्वीनारायण शाहको नुवाकोट विजयको धार्मिक पक्षसँग गहिरो सम्बन्धित छ । यसले एकीकरण अभियानमा धार्मिक बल प्रदान गरेको थियो, जसले युद्धमा आत्मिक शान्तिको खोजी गर्दै विजय प्राप्त गर्ने ध्येय राख्यो । वायुदेवता गुठीको स्थापना र यसले नेपालको विस्तार अभियानलाई पुऱ्याएको योगदान ऐतिहासिक रूपमा महत्वपूर्ण मानिन्छ, जसले नेपालको सांस्कृतिक र धार्मिक इतिहासमा एक महत्वपूर्ण अध्याय थपेको छ ।

## सन्दर्भग्रन्थ सूची

आचार्य, मनोज कुमार (२०७०) *नेपालमा गुठी व्यवस्थाको ऐतिहासिक पृष्ठभूमि र हालको स्थिति.* काठमाडौ : सिनास, त्रिभुवन विश्वबिद्यालय ।

ओली, सुरेश (२०६५). *नेपालको लोक वायुदेवता र गुठी प्रणाली.* काठमाडौं : नेशनल बुक काउन्सिल ।

जोशी, कृष्ण भक्त (सन् २०२०). *द गुठी सिस्टम : ट्रेडिसनल एन्ड कन्टेम्पररी स्पेक्टिभ्स.* काठमाडौं : नेशनल बुक काउन्सिल नेपाल ।

ढुङ्गेल, रमेश (२०१९). *गुठी: द कल्चरल सिग्निफिकेन्स अफ गुठी सिस्टम इन नेपाल.* काठमाडौ : मण्डला बुक प्वाइन्ट ।

ढुंगेल, रमेश (२०७९). *गुठी : एक सांस्कृतिक अध्ययन.* काठमाडौं : नेपाल साहित्य समाज ।

तामाङ, अन्जना (सन् २०१७) *गुठीज एन्ड देयर रोल इन सोसियोकल्चरल कन्टेक्ट्स अफ नेपाल.* ललितपुर : हिमाल बुक्स ।

थापा, रोहित (२०७०). *न्यायिक संस्कृतिमा वायुदेवताको भूमिका.* (अप्रकाशित स्नातकोत्तर तहको शोधपत्र, काठमाडौं विश्वविद्यालय ।

निरौला, बालकृष्ण (२०७५). *गुठी प्रणाली र स्थानीय विकासमा यसको भूमिका.* (अप्रकाशित स्नातकोत्तर तहको शोधपत्र, पोखरा विश्वविद्यालय) ।

पाण्डे, अनुभव (२०७८) *गुठी र संस्कृति : नेपालमा धरोहर संरक्षण.* काठमाडौं : सन्देश प्रकाशन ।

भट्टराई, निता (२०७४). *गुठी व्यवस्था र समाज.* काठमाडौ : अजित पब्लिकेसन्स ।

महर्जन, राकेश (२०७५). *गुठी प्रथा र आधुनिकता.* काठमाडौं : नेशनल बुक काउन्सिल ।

राई, प्रज्ञा (२०६५). *नेपालका वायुदेवीहरूको सांस्कृतिक र धार्मिक महत्व.* (अप्रकाशित स्नातकोत्तर तहको शोधपत्र, काठमाडौं विश्वविद्यालय) ।

शर्मा, तारा (२०७५) *गुठी र शासकीय नीतिहरू : ऐतिहासिक र आधुनिक दृष्टिकोण.* काठमाडौ : नेपाल प्रकाशन गृह ।